# अपराधबाट पीडित विदेशीहरुले पाउने न्यायको अधिकार तथा सहयोग सम्बन्धी जानकारी

कोरियामा यदि तपाई अपराधबाट पीडित हुनुहुन्छ भने न्याय प्राप्तिको लागि निम्न अनुसारको अधिकार र सहयोग प्राप्त गर्न सक्नुहुन्छ।

- अनुसन्धान तथा अदालती प्रक्रियामा तनाव या चिन्ता भएको महशुस भएमा तपाईले आफ्नो विश्वासिलो व्यक्तिलाई साथमा राखेर मुद्दाको सुनवाई गर्न सक्नुहुन्छ। यसैगरी भाषाको समस्या भएमा दोभाषेको लागि अनुरोध गर्न सक्नुहुन्छ र अदालती सुनवाईमा प्रत्येक्ष सहभागी भइ घटना सम्बन्धी बयान पनि दिन सक्नुहुन्छ।
- यौन हिंसा तथा बाल हिंसाबाट पीडित हुनुहुन्छ भने कानूनी सहयोग तथा प्रक्रियाको लागि नीजि वकिल नियुक्त गर्न सक्नुहुन्छ। यदी नीजि वकिल नियुक्त गर्न नसकेमा सरकारी अभियोजकले तोकेको वकिलको सहयोग लिन सक्नुहुन्छ।
- घरेलु हिंसा तथा बाल हिंसाबाट पीडित व्यक्तिले प्रहरी तथा सरकारी अभियोजक समक्ष पीडकलाई पीडितको नजिक आउनबाट प्रतिबन्ध लगाउन अनुरोध गर्न र पीडितको सुरक्षको लागि आवश्यक अदालती प्रक्रिया अघि बढाउन अदालतलाई सिधा अनुरोध गर्न सक्नेछ।
- पीडितले पीडकबाट क्षतिपूर्ति प्राप्त गर्न नसकेमा केहि सामान्य प्रक्रिया पूरा गरी सरकारी अभियोजकको कार्यालयबाट उपचार खर्च जस्ता आर्थिक सहयोग प्राप्त गर्न सक्नेछ। (तर यस्तो अवस्थामा पीडित कोरियामा कानूनी रुपमा बसोवास गरेको हुनु पर्दछ र पीडक विदेशी भएको खण्डमा पीडितले एलियन कार्ड (आवासीय दर्ता कार्ड) प्राप्त गरिसकेको हुनु पर्दछ।)
- घरेलु हिंसा तथा यौन हिंसाबाट पीडित व्यक्तिले आवश्यक अनुसन्धान, अदालती कारबाही तथा न्याय प्राप्तिको प्रक्रिया पूरा नहुन्जेलसम्म भिसाको म्याद थप्नको लागि आवेदन दिन सक्नेछन्।(तर घरेलु हिंसाको घटनामा तपाईको जीवनसाथी कोरियन नागरिक हुनु पर्दछ।)
- हत्या, चोटपटक जस्ता शारीरिक अपराध र चोरी, ठग जस्ता सम्पत्ती क्षतिपूर्तिको अपराध तथा यौन अपराध जस्ता आपराधिक घटनाबाट पीडित भइ अनुसन्धान तथा न्याय प्राप्तिको प्रक्रियामा रहेको अवस्थामा पीडित कोरियामा अवैधानिक रुपमा बसोवास गर्दै आएपनि सम्बन्धित सरकारी कर्मचारीले पीडितको व्यक्तिगत विवरणको बारेमा अध्यागमन विभागमा कुनै जानकारी गराउने छैन।

※ विस्तृत विवरणको लागि अभियोजक कार्यालयको पीडित सहायता केन्द्र (☎ १५७७-२५८४)मा फोन गरी सोधपुछ गर्न वा कसुर अपराधको वेबसाइट (www.kics.go.kr) मा हेर्नुहुन अनुरोध गरिन्छ।

※ अभियोजकको कार्यालयमा फोन गर्दा वा प्रत्यक्ष उपस्थित भइ परामर्श लिदा दोभाषेको आवश्यकता परेमा, सम्बन्धित कार्यालयमा दोभाषे उपलब्ध गराउन सक्ने वा नसक्ने विषयमा सोधपुछ गर्नुहुन वा प्रत्येक देशको राजदूतावास तथा बहुसांस्कृतिक परिवार सहायता केन्द्र (☎ १५७७-१३६६) मा सम्पर्क गरि थप जानकारी लिनुहुन अनुरोध गरिन्छ।

**म माथिको सूचना प्राप्त भएको स्वीकार गर्दछु ।मिति : 20 . . नाम , थर : (हस्ताक्षर)**

**अन्य माध्यमबाट माथिको सूचना प्राप्त भएको खण्डमा मिल्ने कोष्ठमा चिन्ह लगाउनुस्।**

**मौखिक □ फोन □ फ्याक्स □ हुलाक □ अन्य □ सम्बन्धित व्यक्ति : (हस्ताक्षर)**